D.A.O. Reg. No. 1210 SWC Reg. No. 33344

# तराई मानव अधिकार रक्षक सञ्जाल

# TERAI HUMAN RIGHTS DEFENDERS ALLIANCE

THRD Alliance
For Equity and Justice

मिति: २०७४ चैत्र ०७ गते

## प्रेस विज्ञप्ति

मिति २०७४ चैत्र १ गते धनकौल गाउँपालिका वडा नं. ६ का सन्तोष साहलाई पैसा नदिएको कारणले रामनगर प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक (असई) बाल कन्हैया ठाकुरले कुटपिट गरेको कार्यको थर्ड एलायन्सले भर्त्सना गर्दछ ।



धनकौल गाउँपालिका ६ का सन्तोष साहले आफ्नो मोटर साईकलमा मिठाई बोकेर आफ्नो घरबाट रौतहट तर्फ जाँदै थिए । उनले आफ्नो मोटरसाईकलमा दुईवटा स्टिलको कन्टरमा करिब एक सय किलोग्राम मिठाइ राखेर रौतहटको मौलापुर लैजादै थिए । घरबाट करिब ५ किमी दुरीमा सादा पोषाकमा रहेका रामनगर प्रहरी चौकका असई ठाकुरले निजलाई रोकेर सोधपुछ गरी पाँच सय रुपैया मागेको कुरा थर्ड एलायन्सको अनुगमनबाट पाइयो ।

उनले आफुसँग पैसा नरहेको र मिठाई लिने भए लिनुस् भनेका थिए । त्यसपछि असई ठाकुरले तस्कर भन्दै अपशब्द प्रयोग गरी गाली गलौज गर्न थाले । मितिलाई कारवाही गर्छौं भन्दै निज ठाकुरले साँचोको गुच्चा औंलामा राखेर मुक्काले पेट, नाभिको तल प्रहार गरेपछि उनी लडे । उनी लडेपछि पुन: प्रहार गर्दा दायाँ आँखा नजिक चोट लाग्यो, दाँया पाखुरामा जुत्ताले प्रहार गरे । करिब १५ मिनेटको कुटाईपछि सन्तोष साह बेहोश भएको पाइयो ।

सो लगत्तै त्यहाँका स्थानीयले असईलाई नियन्त्रणमा लिई सन्तोष साहलाई उद्धार गरी परिवारलाई खबर गरेका थिए भने स्थानीयले निजलाई उपचारको लागि जिल्ला अस्पताल मलंगवा पुर्‍याए र असई ठाकुरलाई जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाए । पीडित सन्तोषलाई जिल्ला अस्पतालले रेफर गरिपछि विरगंज स्थित नारायणी शिक्षण अस्पतालमा उपचार गराई घर फर्केको पाइएको छ ।

यसरी बाटोमा रोकेर ड्युटीमा समेत नरहेको प्रहरीले आफ्नो ओहदाको आडमा व्यक्तिलाई दुर्व्यवहार तथा कुटपिट गर्नु निन्दनीय हो । अत: थर्ड एलायन्सले कुनै व्यक्तिलाई कानुन बमोजिम कारवाही गर्नु पर्नेमा सो नगरी पैसा माग्ने र पैसा नदिएकोले कुटपिट गरेको पाइएको हुँदा सो कार्यको तत्काल छानबिन गरी दोषीलाई कारवाही गर्न र पीडितको औषधी उपचारको व्यवस्था गर्न सम्बन्धित सम्पुर्णमा आग्रह गर्दछ ।

रक्षाराम हरिजन
थर्ड एलायन्स

Collective Voice for Equity and Justice
THRD Alliance, Jaleshwor-4, Mahottari. Secretariat Office- Terai Justice Center, Kathmandu, Tinkune
Tel: +9771 5199352, Email: thrdalliance@gmail.com